म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २९ बिहीबार, १२ भदौ २०८२ ने. सं. ११४५ ञलाथ्व 28 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मोटरसाइकलको ठक्करबाट वृद्धाको मृत्यु

हेटौंडा, ११ भदौ/मकवानपुरमा मोटरसाइकलको ठक्करबाट एक वृद्धाको मृत्यु भएको छ । मकवानपुरको भित्री सडक वासुदेव मार्गस्थित ज्यामिरे खोलाबाट हेटौंडातर्फ आउँदै गरेको बा ५३ प २४१ नम्बरको मोटरसाइकलको ठक्करबाट मकवानपुरगढी गाउँपालिका-५ सिमलटारकी ७३ वर्षीया सुकुमाया गोलेको मृत्यु भएको हो ।

बाटो क्रस गर्ने क्रममा मोटरसाइकलले ठक्कर दिँदा गोले घाइते भएकी थिइन्। उपचारका लागि उनलाई चितवनस्थित पुरानो मेडिकल कलेजमा लगिएको थियो । त्यहाँ उपचार हुन नसकेपछि हेटौंडास्थित मकवानपुर सहकारी अस्पतालमा लगिएको र त्यहीँ उपचारका क्रममा मंगलबार राति उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मोटरसाइकल चालक २० वर्षीय समिर घलानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### इम्बोस्ड नम्बर प्लेट देवनागिरी लिपिमै हुनुपर्ने भन्दै प्रदर्शन

# सरकारको कदमबाट शिक्षकदेखि उसु किसानसम्म आन्दोलित

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ प्रश्तावित विद्यालय शिक्षा विधेयक सच्याउन माग गर्दै नेपाल शिक्षक महासंघले नेपाली काँग्रेसको पार्टी कार्यालयमा सानेपा धर्ना दिएको छ ।

महासंघ र सरकारबीच विगतमा भएका सहमतिअनुसार शिक्षा विधेयक सच्याउन माग गर्दै महासंघले पहिलो चरणको आन्दोलन अन्तर्गत काँग्रेस पार्टी कार्यालयमा धर्नामा बसेको हो । संसदीय समितिबाट पारित भएर प्रतिनिधिसभामा पुगेको शिक्षा विधेयकमा महासंघका माग सम्बोधन गर्न दबाब दिनको लागि आफूहरु आन्दोलनमा उत्रिएको महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले जानकारी दिए । उनले सार्वजनिक शिक्षालाई उन्नत गराउनको लागि शिक्षक कर्मचारी र नेपाल शिक्षक महासंघले राखेका माग सम्बोधन गर्नुको विकल्प नरहेको बताए । उनकाअनुसार महासंघले भदौ २० सम्म धर्ना जारी राख्ने भएको छ ।

भदौ १३ गते देशभरका स्थानीय तहमा, भदौ १५ गते जिल्ला शिक्षा इकाईमा धर्ना दिने कार्यक्रम रहेको उनले जानकारी दिए । उनले २० गतेसम्म माग पूरा नभए भदौ २१ गते नयाँ आन्दोलनका कार्यक्रम घोषणा गर्ने बताए । '९ गतेदेखि ध्यानाकर्षण बुझाउन थालेका हौं । आजदेखि धर्ना कार्यक्रम सुरु भएको छ । यो विदाको दिनबाहेक २० गतेसम्म जारी रहन्छ । देशभरका गाउँपालिका तथा नगरपालिकामा यही भदौ १३ गते धर्ना हुँदैछ । १५ गते जिल्लाको समन्व इकाईमा धर्ना दिने कार्यक्रम छ । २० गतेसम्म हामी आन्दोलन र राजनीतिक दलहरुसँग छलफल गर्छौं । २१ गते आन्दोलनका नयाँ कार्यक्रम घोषणा गर्छौं' उनले भने ।

संघीय संसदको प्रतिनिधि सभा र राष्ट्रियसभाबाट विगतमा भएको सहमतिअनुसार विधेयक सच्याउन महासंघले माग गरेको छ । महासंघले अस्थायी प्रकृतिका शिक्षकको





पदपूर्ति आन्तरिक प्रतिष्पर्धा ७५ प्रतिशत र खुला २५ प्रतिशत हुनुपर्ने माग अघि सारेको छ । तर, विधेयकमा ६० प्रतिशत आन्तरिक र ४० प्रतिशत खुला हुने व्यवस्थासहित समितिले प्रतिनिधि सभामा पठाएको छ । विद्यालय कर्मचारीको पद र वेतन सुनिश्चित नभएको र बालकक्षा शिक्षकको पद र सेवा सुविधा निश्चित नभएको, संस्थागत विद्यालयका शिक्षकको सेवा र अव्यवहारिक सरुवा प्रणालीको व्यवस्था ल्याइएको भन्दै महासंघ आन्दोलित भएको हो । प्रतिनिधि सभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिबाट विद्यालय शिक्षा विधेयक भदौ ५ मा पारित गरिएको थियो ।

### उखुको भुक्तानी माग गर्दै किसानको आन्दोलन जारी

यसैगरी उखुको अनुदान भुक्तानीको माग राखी आन्दोलनमा उत्रेका उखु किसानले आन्दोलन जारी राखेका छन् । किसानले काठमाडौंको माइतीघरमा आइतवारदेखि सुरु गरेको आन्दोलनलाई बुधवार पनि निरन्तरता दिएका हुन् । उखु उत्पादन महासंघ नेपालका अध्यक्ष श्यामबाबु रायले आर्थिक वर्ष २०८१/८२ मा सरकारले तोकेको प्रतिक्वीन्टल ७० रुपैयाँका दरले अनुदान भुक्तानी पाउनुपर्ने आफूहरुको मुख्य माग रहेको बताए ।

उनका अनुसार गतवर्ष सरकारले उखुको मूल्य प्रतिक्वीन्टल ६ सय ५५ रुपैयाँ तोकेको थियो । यो रकममध्ये उद्योगले ५ सय ८५ रुपैयाँ र सरकारले ७० रुपैयाँ अनुदान किसानलाई दिनुपर्नेछ । तर, सरकारले ७० रुपैयाँ अनुदान नदिएको अध्यक्ष रायले बताए । सरकारले आर्थिक अभाव देखाएर उखु किसानको अनुदानलाई आधा कटौती गरेको छ ।

प्रतिक्वीन्टल ३५ रुपैयाँले किसानलाई अनुदान उपलब्ध गराउनेगरी अर्थ मन्त्रालयले मंगलवार ७५ करोड ४९ लाख ३८ हजार रुपैयाँ निकासा गरेको छ । तर, यो रकममा किसानले चित्त बुझाएका छैनन् ।

अध्यक्ष रायले ७० रुपैयाँका दरले हुन आउने एक अर्ब ६० करोड रुपैयाँ बराबरको अनुदान निकासा गर्न सरकारसँग माग गरे । किसानले पाउने अनुदानको रकम घटाउनेगरी सरकारसँग वार्तामा आफूहरु नबस्ने अध्यक्ष रायले बताए । कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीले मंगलवार कृषि विभागका उपमहानिर्देशक ललनकुमार सिंहको नेतृत्वमा उखु किसानसँग वार्ता गर्नको लागि समिति गठन गरेका छन् ।

उखु उत्पादन महासंघका अध्यक्ष रायले भने, 'मैले भने हाम्रो ७० रुपैयाँ पाउँछ कि पाउँदैन ? उहाँले भन्नुभयो, अहिले ३५ रुपैयाँका दरले ७५ करोड रुपैयाँ हामीले निकासा गरेको हो । मलै ७५ करोड रुपैयाँले हामीलाई चित्त बुझ्दैन, हाम्रो ७० रुपैयाँले हुन जान्छ एक अर्ब ६० करोड त्यसको कुरा गर्नुस् । त्यसको बारेमा छलफलमा बोलाउनुहुन्छ भने हामी आउनको लागि तयारी हो । हाम्रो मुख्य आन्दोलन पनि यही हो । हामीले यो आन्दोलन ७ दिनको लागि भनेर आएको हो, ८ गतेबाट १५ गतेसम्म हो । १५ गतेसम्म राज्यले सुनेन भने फेरि हाम्रो महासंघको बैठक बसेर पुन अर्को चरणको आन्दोलन र कार्यक्रम तय गर्नेछौं ।'

उनीहरुले 'उखु किसानको अनुदान कटौती गर्न पाइँदैन', 'उखुकृषक शोषण बन्द गर', 'किसानसँग भएका सम्झौता लागू गर' लगायत माग लेखिएको प्लेकार्ड बोकेका प्रदर्शन गरेका छन् । नेपाल उखु उत्पादक महासंघको नेतृत्वमा किसान सडक आन्दोलनमा होमिएका हुन् ।

### इम्बोस्ड नम्बर प्लेट देवनागिरी लिपिमै हुनुपर्ने भन्दै प्रदर्शन

त्यसैगरी सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट देवनागिरी लिपिमा हुनुपर्ने भन्दै काठमाडौंमा प्रदर्शन गरिएको छ । बुधबार जाग नेपाली समूहले बानेश्वरमा नेपाली भाषा र लिपि मेट्न नपाइने भन्दै प्रदर्शन गरेको हो । उनीहरुले देवनागिरी लिपिको रक्षा गर्नुपर्ने बताएका छन् ।

भाषाविद्हरुले पनि देवनागरी लिपिमा लेख्नुको साटो अंग्रेजीलाई प्रश्रय दिने काम गरिएको आरोप लगाएका छन् । उनीहरुको प्रश्न छ, 'नेपालमा गुड्ने सवारीमा अंग्रेजी भाषा किन ?' देवनागरी लिपिमा नलेखेर नेपाली भाषालाई समाप्त पार्न खोजिएको भाषाविद्हरुको आरोप छ । काठमाडौं महानगरपालिका-३ स्थित जलढुंगामार्गका भरतकुमार बस्नेतले अंग्रेजी भाषामा इम्बोस्ड नम्बर प्लेट वितरण रोक लगाउन र देवनागरी लिपिमा नम्बर प्लेट लेखिनुपर्ने मागसहित सर्वोच्च अदालतमा रिट हालेका थिए ।

२०७४ माघ १० मा सर्वोच्चमा दायर रिट निवेदन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीश दीपकुमार कार्की, हरिकृष्ण कार्की, विश्वम्भरप्रसाद श्रेष्ठ र प्रकाशमानसिंह राउतको संवैधानिक इजलासले ०७६ मंसिर २७ मा रिट खारेज गरिदिएको थियो । त्यसपछि पुनः इम्बोस्ड नम्बर प्लेट जडानका लागि बाटो खुलेको थियो । इम्बोस्ड नम्बर प्लेट डिजिटल प्रविधिबाट मुद्रण हुने भएकाले नेपालीमा ह्रस्व, दीर्घ, तर्कुले, बर्दने/आकार, इकार, उकार जस्ता अक्षरका कारण साइज सानो र ठूलो हुने यातायात व्यवस्था विभागले अदालतलाई पठाएको जवाफमा उल्लेख छ ।

# तोकेको समयमा स्वास्थ्य बीमा नवीकरण नगरे थप शुल्क लाग्ने




साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ तोकिएको समयमा स्वास्थ्य बीमा नवीकरण नगरेमा थप शुल्क लाग्ने भएको छ । स्वास्थ्य बीमा बोर्डले सूचना जारी गर्दै बीमित परिवारले तोकेको समयभित्र बीमा नवीकरण नगरे थप शुल्क लाग्ने व्यवस्था गरेको जानकारी गराएको छ ।

सूचनाअनुसार बोर्डले विगतमा स्वास्थ्य बीमा गरी नवीकरण नगरेका बीमित परिवारलाई आगामी असोज मसान्तसममा बीमा नवीकरण गरेमा एकपटकका लागि थप शुल्क मिनाहा गर्ने निर्णय गरेको छ । बोर्डले असोज मसान्तभित्र नवीकरण गरेमा कुनै थप शुल्क नलाग्ने निर्णय गरेको हुँदा अनलाइन प्रणाली वा दर्ता सहयोगीमार्फत् बीमा नवीकरण गर्न बोर्डले सम्पूर्ण बीमितलाई अनुरोध गरेको छ । यो अवधिपछि म्याद गुजारी नवीकरण गर्ने बीमित परिवारलाई थप शुल्क लाग्ने बोर्डको सूचनामा उल्लेख छ ।

सूचनाअनुसार म्याद सकिएको तीन महिनाभित्र नवीकरण गरेमा कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकमको १० प्रतिशत थप शुल्क लाग्ने छ । छ महिनाभित्र नवीकरण गरेमा योगदान रकमको ३० प्रतिशत थप शुल्क लाग्ने, छ महिनादेखि एक वर्षभित्र नवीकरण गरेमा योगदान रकमको ५० प्रतिशत थप शुल्क लाग्ने व्यवस्था गरेको छ । त्यसैगरी, एक वर्षभन्दा बढी भएमा योगदान रकमको शतप्रतिशत थप शुल्क लाग्ने, दुई वर्षभन्दा बढी भएमा योगदान रकमको तीन गुणा बराबरको शुल्क लाग्ने र तीन वर्षभन्दा बढी भएमा योगदान रकमको चारगुणा बराबरको शुल्क लाग्ने बोर्डले सूचनामा उल्लेख छ ।

# साउनमा १४ अर्बभन्दा बढी सरकारी ऋण थप

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा १४ अर्बभन्दा बढी सरकारी ऋण थपिएको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयद्वारा प्रकाशित गत साउन मसान्तसम्मको सरकारी ऋणको प्रतिवेदनअनुसार चालु आवको सुरुमा कूल सार्वजनिक ऋण २६ खर्ब ६९ अर्ब ५७ करोड रहेकामा साउन मसान्तसम्ममा १४ अर्ब दुई करोड वृद्धि भई २६ खर्ब ८३ अर्ब ६० करोड पुगेको हो । यो कुल गार्हस्थ्य उत्पादनको ४३ दशमलव ९४ प्रतिशत हुन आउने सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । कूल सार्वजनिक ऋणमा वैदेशिक ऋणको हिस्सा ५२ दशमलव २६ प्रतिशत अर्थात् १४ खर्ब दुई अर्ब ४७ करोड ६५ लाख छ भने आन्तरिक




ऋणको हिस्सा ४७ दशमलव ७४ प्रतिशत रहेको छ ।

चालु आवका लागि सरकारले पाँच खर्ब ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेकामा साउन मसान्तसम्ममा ४४ अर्ब ५७ करोड ऋण उठाइसकेको कार्यालयले जनाएको छ । वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति सात दशमलव ४८ प्रतिशत बराबर रहेको जनाइएको छ । आन्तरिकतर्फ तीन खर्ब ६२ अर्ब ऋण उठाउने लक्ष्य रहेकामा पहिलो महिना ११ दशमलव शून्य पाँच प्रतिशत अर्थात् ४० अर्ब ऋण उठाइएको हो । बाह्यतर्फ दुई खर्ब ३३ अर्ब ६६ करोड ३१ लाख ऋण उठाउने लक्ष्य रहेकामा साउनमा एक दशमलव ९६ प्रतिशत अर्थात् चार अर्ब ५७ करोड ४८ लाख बराबर ऋण उठाइएको कार्यालयले जनाएको छ ।

त्यस्तै, चालु आर्थिक वर्षमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि चार खर्ब ११ अर्ब एक करोड बजेट विनियोजन भएकामा साउन मसान्तसम्ममा ३६ अर्ब ६८ करोड भुक्तानी भइसकेको छ । वार्षिक बजेट विनियोजनका आधारमा सरकारी ऋणको साँवा ब्याज तिर्नका लागि छुट्याइएको बजेट आठ दशमलव ९३ प्रतिशत बराबर रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ ।




साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा सिमेन्ट ओरालो गतिमा

लामो अन्तरालपछि हेटौंडा सिमेन्ट उद्योगले सोमबारबाट पुन: उत्पादन सुरु गरेको छ । उद्योगका मेसिनहरुको मर्मतसम्भार सम्पन्न भएपछि उत्पादन थालिएको हो । मेसिनमा देखापरेका प्राविधिक समस्या समाधान भइसकेको बताइएको छ । कोइला आपूर्ति व्यवस्थापनसँगै उत्पादन फेरि उत्पादन सुरु गरिएको हो । गत वैशाखदेखि मेसिनमा समस्या देखिएसँगै उद्योग बन्द रहेको थियो । त्यसअघि, वैशाखको दोस्रो सातादेखि सञ्चालनमा आएको उद्योगले छोटो अवधिमा करिब एक लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । पुन: देखापरेका प्राविधिक समस्याका कारण उत्पादन रोकियो । वि.सं. २०३३ मा मकवानपुरको लामसुरेमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ सालदेखि व्यावसायिक उत्पादन थालेको हो । स्थापना कालदेखि नै राष्ट्रिय पूर्वाधार निर्माण र निजी आवास निर्माणमा योगदान पुऱ्याउँदै आएको यस उद्योगले पछिल्ला वर्षमा प्राविधिक तथा आर्थिक दबाब झेल्दै आएको छ । पुरानो प्रविधि र उपकरण, बजारको अभाव, मूल्य समायोजन हुन नसक्नु, दर बन्दीअनुसार कर्मचारी अभाव तथा प्रतिस्पर्धात्मक बजारको दबाबजस्ता कारणले उद्योग निरन्तर सञ्चालनमा कठिनाइ भएको छ । उद्योगसँग कच्चापदार्थका स्रोतकारुपमा धादिङको जोगीमारा र मकवानपुरको ओखरे, मजुवा तथा भैंसे गरी चार स्थानमा चुनढुङ्गा खानी रहेका छन् । यी खानीको उपयोग क्षमता रहेपनि आवश्यक आधुनिक प्रविधि, नियमित मर्मत र आपूर्तिगत स्थिरता अभावले उत्पादन लागत बढ्ने र प्रतिस्पर्धामा कमजोर देखिने समस्या कायम रहेको उद्योगको भनाइ छ ।

उद्योगले पछिल्ला वर्षहरुमा उत्पादन-स्थगन-पुन:उत्पादनको क्रम भोग्दै आएको छ । यसपटकको पुन: सञ्चालनसँगै उद्योगले नियमित मर्मत तालिका कार्यान्वयन, कोइला तथा अन्य कच्चापदार्थको स्थिर आपूर्ति र बजार अभिमुख योजना लागू गर्न सकेमा उत्पादनको निरन्तरता सम्भव हुने अपेक्षा छ । जायजेथा बेचेर उद्योग चलाउने गलत अभ्यास गर्दै हेटौंडा सिमेन्ट उद्योग अगाडि बढेको छ । हेटौंडा सिमेन्ट उद्योग सञ्चालनको लागि आर्थिक स्रोत जुटाउन लामो समयदेखि बन्द अवस्थामा रहेको रोप-वे बिक्री गरेको थियो । उद्योगको सम्पत्ति नै बिक्री गरेर उद्योग चलाउन कति सहज होला ? अहिले रोपवे बेच्ने । अवको केही वर्षपछि अरु जायजेथा बेच्ने ? यसरी पनि सरकारी स्वामित्वको उद्योग चल्छ त ? हेटौंडा-९ मा रहेको उद्योगले विगतमा सिमेन्ट बनाउन आवश्यक चुनढुंगा ढुवानीका लागि प्रयोगमा ल्याएको रोप-बे बिक्री गरेको हो । उद्योग प्रशासनले बाराको लिपनीमालस्थित पिएस एन्ड सन्स इन्टरप्राइजेजलाई भ्याटसहित चार करोड २५ लाख रुपैयाँमा रोप-वे बिक्री गरेको जनाएको छ । रोप-वे बिक्री गर्ने विषयमा गत पुस ७ गते सम्झौता भएको उद्योगले जानकारी दिएको छ । उद्योगले भीमफेदी गाउँपालिकाको भैंसेखानीदेखि उद्योगसम्म ११ किलोमिटर रोप-वेको सिस्टमसँग जोडिएका रोप-वेका टावर, तार र बकेटलगायत फलामजन्य सामान बिक्री गरिएको भनाइ छ । लामो समयदेखि बन्द रहेको रोप-वे पुन: प्रयोगमा ल्याउन सक्ने अवस्था नभएपछि बिक्री गरिएको उद्योगले जनाएको छ । १० करोड रुपैयाँमा जडान गरिएको रोप-वे बिक्री गर्दा करिव साढे चार करोड रुपैयाँ मात्र आम्दानी भएको हो ।

तीन किस्तामा सम्पूर्ण भुक्तानी भइसक्नु पर्ने सहमतिअनुसार उद्योगले पहिलो किस्ताबापतको एक करोड ४२ लाख ६८ हजार ६ सय ९४ रुपैयाँ प्राप्त गरि सकेको छ । रोप-वे खरिदकर्ता कम्पनीले सम्झौताको ९ महिनाभित्र रोप-वेको सम्पूर्ण संरचना उठाइसक्नु पर्ने सहमति भएको छ । रोप-वे बिक्रीबाट प्राप्त भएको रकम उद्योग सञ्चालनका लागि आवश्यक पर्ने कच्चापदार्थ खरिदमा खर्च गर्ने सञ्चालक समितिले निर्णय गरेको उद्योगले जानकारी दिएको हो । लामो समयदेखि बन्द भएर प्रयोगमा नआएकाले रोप-वे बिक्री गरेको र बन्द अवस्थामा रहेको रोप-वेको टावर, तार र बकेट गरी करिब १५ सय मेट्रिकटन फलाम रहेको अनुमान गरिएको छ । उद्योगको रोप-वे का डब्बाहरु हेटौंडाबाट भीमफेदी गाउँपालिकाको भैंसे खानीसम्म तारमा झुन्डिरहेको अवस्थामा रहेको देख्न सकिन्छ । हेटौंडा सिमेन्ट उद्योगले खानीक्षेत्रबाट चुनढुंगा ओसार्न २०४२ सालमा रोप-वे सञ्चालनमा ल्याएको थियो । प्रतिघण्टा ३ सय मेट्रिकटन चुनढुंगा ढुवानी गर्ने क्षमता रहेको रोप-वेको सुरुमा १६५ वटा बकेट (क्यारियर) रहेको थियो । रोप-वे बिग्रिएपछि त्यसका क्यारियर पनि झर्दै गए जसका कारण हाल त्यसमा १ सय ४० जति बाँकी रहेको छ । विगतमा यातायातका साधनको सुविधा नहुँदा उद्योगको चुन ढुंगाखानीबाट ढुंगा ओसार्नको लागि रोप-वे को प्रयोग भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १३ गते शुक्रबार २९ अगष्ट २०२५ । षष्ठी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४१, सूर्यास्त ६:२६ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : घरेलु समस्याले सताउनेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : आफन्तले धोका दिन सक्नेछन् |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : मनमा उमङ्ग बढ्नेछ |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : रमाइलो छोटो यात्रा हुनेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : पढाइलेखाइमा सफलता मिल्नेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# बीपीको सोचबाट विमुख तरुण दल



✍ हरिशचन्द्र भण्डारी

**नेपालको** हरेक राजनीतिक आन्दोलनमा तरुण युवाहरूको अतुलनीय योगदान छ । १०४ वर्षे जहानियाँ राणाशासनदेखि आजको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थासम्म आइपुग्दा हजारौं युवाले बलिदानी दिएका छन् । एकतन्त्रीय, तानाशाही शासन व्यवस्था पल्टाएका छन् । जनताको सहभागितामूलक र समावेशी शासन स्थापित गर्न भूमिका खेलेका छन् । समयक्रममा भएका व्यवस्थाहरू परिवर्तनको एउटा हिस्साको रूपमा नेपाल तरुण दल रहँदै आएको छ । परिवर्तनको हुटहुटी र वाहकको रूपमा रहेका नौजवानहरू समेटेर नेपाली राजनीतिका महापुरुष बीपी कोइरालाले २०१० साल कात्तिक १० गते नेपाल तरुण दलको स्थापना गरेका थिए ।

नेपाली समाजमा व्याप्त सामन्ती संस्कार, विभेद, सीमित वर्गको हालीमुहाली, पछौटेपनसँग लड्न र नेपाली जनताको मुक्तिका लागि संघर्ष गर्न बीपीको परिकल्पनामा खुलेको तरुण दलले थुप्रै आन्दोलन र परिवर्तनमा अग्रणी योगदान गरेको छ । चाहे त्यो २०१७ सालको कु होस्, चाहे २०३६ सालको जनमतसंग्रह, चाहे २०४६ सालको जनआन्दोलन होस् वा २०६२/६३ को दोस्रो जनआन्दोलनह यी सबै मुभमेन्टहरूमा युवाहरूलाई जागरुक गराउन तरुण दलको भूमिका अग्रपंक्तिमा रह्यो । नेपाली समाजको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र दैनिकीमा परि वर्तन ल्याउन तरुण दलले युवाहरूमा उन्नत चेतको विकास गर्ने काम पनि गऱ्यो ।

तरुण दललाई हाँकेका अग्रजहरूका अनुसार यसको इतिहास गौरवशाली छ । नेपाली राजनीतिमा क्रान्तिको नेतृत्व गरेका टावरिङ नेताहरूको छत्रछायाँमा हुर्केको तरुण दलले युवाहरूमा साँच्चिकै जागरण ल्याएको विरासत छ । यसको उद्देश्य नै भ्रष्टाचार अन्त्य, तानाशाही प्रवृत्ति विरुद्ध लड्नु, स्वतन्त्रता तथा प्रजातन्त्र स्थापना गर्नु तथा जनताको अधिकार सुनिश्चित गर्नु थियो । बीपी कोइरालाले संक्रमणकालीन समयमा पार्टीभित्रका सामन्ती र भ्रष्ट प्रवृत्तिलाई प्रतिवाद गर्न तथा सामाजिक-आर्थिक रूपान्तरणका लागि एक युवा दस्ताको रूपमा प्रयोग गरेको इतिहास छ ।

तर, आजको दिनमा हेर्दा तरुण दल छ पनि छैन पनिको अवस्थामा पुगेको छ । कांग्रेसका पुराना नेता एवं वर्तमानमा प्रतिनिधि सभाका सांसद फदयराम थानीको भनाइमा तरुण दल अधिवेशन पनि गर्न नसक्ने गरी अहिले कोमामा पुगेको छ । भ्रष्टाचार, कुशासन, महँगी, बेथितिले आकाश चुमिरहेका बेला सशक्त भूमिका देखाउनुपर्ने तरुण दल अहिले कुहिरोमा हराएको काग जस्तो भएको छ । संगठन लथालिंग अवस्था छ । नेतृत्वले सही दिशामा अगाडि बढाउन सकेको देखिंदैन । तरुण दलभित्रै व्यापक जागरणको खाँचो देखिएको छ ।

सबै नेपालीलाई अधिकारसम्पन्न र समृद्ध पार्ने नेपाली कांग्रेसको लक्ष्यअनुरुप युवाहरूको साथ लिन खोलिएको तरुण दलले राजनीतिक अधिकारका साथै सामाजिक, आर्थिक समानताका लागि समेत लडेको ऐतिहासिक पृष्ठभूमिमा आज भने अस्तित्व रक्षाको संकटसँग जुधिरहेको छ । संस्थाको गर्विलो इतिहास नै ओझेलमा परेको छ । युवाहरूमा जागरण ल्याएको तरुण दल आज युवाविहीन छ । युवामा बढेको निराशालाई चिर्ने, आशा जगाउनबाट विमुख भइरहेको छ । माउ पार्टी (कांग्रेस) पनि संगठनको महत्व र परिचालनमा चुकेको छ । यसको आवश्यकता छैन भन्ने व्यवहार प्रदर्शन भइरहेको छ । अर्कोतिर तरुण दलको हस्तक्षेपकारी भूमिका, पार्टी नेतृत्वलाई झक्झक्याउने भूमिका पनि ओझेलमा परेको अनुभूति तरुणहरूले गरेका छन् ।

### कहाँ चुक्यो तरुण दल ?

बीपी कोइरालाले हिजो जुन उद्देश्यका साथ तरुण दललाई अगाडि बढाए, हालको तरुण दल त्यसअनुसारको सिद्धान्तमा अगाडि बढेको छैन । युवाहरू परिवर्तनका वाहक हुन् र कुनै पनि संगठनको मेरुदण्डका रूपमा बेथिति विरुद्ध परिचालन गर्नुपर्छ भन्ने बीपी मान्यता अहिले खण्डित भएको छ । प्रविधिको प्रयोगले समयक्रममा आएको तीव्र परिवर्तन, जेनजी हुँदै अल्फा पुस्तासम्म पुगेको युगमा तरुण दल सुस्त मात्र होइन, गतिहीन देखिन्छ । नयाँ पुस्तामा आशा जगाउने, उनीहरूलाई बेथिति विरुद्धको अभियानमा जोड्ने भूमिकामा तरुण दल कमजोर छ । भ्रष्टाचार, कुशासन र बेथितिलाई टुलुटुल हेरेर बसिरहेको छ । नेताहरूको कमजोरीमा प्रतिवाद गर्नुपर्नेमा मौन बसिरहेको छ । महँगी नियन्त्रण, बेरोजगारी अन्त्यमा हस्तक्षेपकारी भूमिका देखाउन सकेको छैन । समयमा अधिवेशन र नेतृत्व हस्तान्तरण जस्तो लोकतान्त्रिक प्रक्रिया पनि जटिल बन्न पुगेको छ । जसका कारण पछिल्ला पुस्ताका युवालाई जोड्न सकिएको छैन ।

तैपनि आजको दिनमा तरुण दलको भूमिका समाजले खोजेको छ । युवाहरूको ठूलो जमातले भ्रष्टाचार, कुशासन र बेथिति विरुद्ध बोल्ने र आशा जगाउने प्लाटफर्म खोजिरहेको छ । जुन सबैभन्दा पुरानो संगठनको रूपमा तरुण दल हुनसक्छ । तर, त्यसको लागि तरुण दल आफैंमा सक्रिय र संगठन सञ्चार हुन जरूरी छ ।

### अबको बाटो

तरुण दल समेतको सहभागितामा कैयन् परिवर्तनहरू भए पनि आज नागरिकको आर्थिक जीवनस्तरमा अपेक्षाकृत परिवर्तन आउन सकेको छैन । युवाहरूमा निराशा, वितृष्णा र नकारात्मकता व्याप्त छ । बेरोजगारीले पलायनवादी सोच हावी भइरहेको छ । प्रणालीगत भ्रष्टीकरणले सुधार हुन्छ भन्ने सोचाइ युवाहरूमा छँदै छैन । जताततै भ्रष्टाचार, कुशासन र बेथितिहरूको बिगबिगी भइरहेका बेला हस्तक्षेपकारी भूमिका खेल्ने मौका तरुण दललाई छ । तर, यसको लागि दूरदर्शी नेतृत्व, सुशासनप्रतिको प्रतिबद्धता जरूरी छ । आज समाजको मुख्य समस्या भनेको भ्रष्टाचार र कुशासन नै हो । साथसाथै समाजमा नैतिक मूल्य-मान्यताहरू पनि क्षयीकरण भइरहेका छन् । यसबाट युवाहरू आजित र प्रताडित छन् । बेरोजगारीले व्यवस्था र प्रणालीप्रति वितृष्णा बढाइरहेको छ ।

अर्कोतिर, देश र जनतालाई समृद्ध बनाउने चुनौती छ । यो बीचमा तरुण दलले सशक्त भूमिका खेल्नुपर्ने आजको आवश्यकता र बाटो हो । त्यसको लागि तरुण दलको हिजोको सिद्धान्तलाई अलिकति परिमार्जन गरेर भ्रष्टाचार विरोधी अभियान सञ्चालन गर्नुपर्छ । शिक्षा, रोजगारी सिर्जना, गरिबी निवारणमा आवाज उठाउनुपर्छ । जनताका यी मुद्दाहरूमा फोकस गरेर पार्टीलाई झक्झक्याउनुको साथै देशलाई नै एउटा परिवर्तनको बाटोमा अगाडि बढाउनुपर्ने बाटो आजको तरुण दलले अंगीकार गर्नुपर्छ । तरुण दललाई पुनर्जागृत गरी भ्रष्टाचार, कुशासन र बेरोजगारी जस्ता मुद्दाहरूमा केन्द्रित गराई देश र जनताको समृद्धिका लागि अग्रसर गराउनुपर्छ ।

नेपाल तरुण दल हिजो जसरी एउटा उद्देश्य, लक्ष्य लिएको जन्मबाट शुरुआत भएको थियो, आज त्यसको औचित्य समाप्त भएको छैन । वास्तवमा तरुण दलको औचित्य यस समयमा अझ बढी आवश्यक देखिएको छ । हाम्रा महान आदेश, विचार र सिद्धान्तलाई जनमानसमा पुऱ्याई समाजमा भइरहेको गलत प्रवृत्तिहरूमा आज सशक्त रूपमा आवाज उठाएर देशलाई एउटा सशक्त, स्थायी उन्नतिको मोडमा उभ्याउनुपर्ने जिम्मेवारी एकपटक तरुण युवा तथा साथीहरूले मनन गर्नुपर्छ । समाज र देशलाई समृद्धिको अनुभव हुने गरी यस बाटोमा लाग्न र गलत प्रवृत्ति जसले जनतालाई भ्रम छर्ने र देशलाई विभिन्न माध्यमबाट विखण्डन गर्ने, जनतालाई निराश बनाउने जस्ता क्रियाकलापहरूलाई निस्तेज पार्न आजको आवश्यकता हो । तरुण दलले यो दिशामा अभियान चलाउनुपर्छ । यसका लागि नेतृत्वमा इमानदारी, मिहिनेत र असल सामाजिक सोच आवश्यक छ ।

तरुण दल आजको दिनमा धेरै राम्रो हुन नसकेर स्केप भएको छ । पछाडि हटेको छ । साइलेन्स बसेको छ । अब समयमा अधिवेशन हुनुपर्छ । संगठन आवधिक अधिवेशनको चक्करमा अल्झिनुहुँदैन । पार्टीको आन्तरिक विवादको भुमरीमा तरुण दललाई बन्धक बनाउनुहुँदैन । अब आउने नेतृत्वले सशक्त रूपमा राम्रो मुद्दाहरू उठाएर सम्पूर्ण युवाहरूलाई समेटेर जाने हाम्रो अभियान हुनुपर्छ ।

तरुण दल पनि पार्टीभित्रको विवादको शिकार भएको छ । त्यसकारण उसले आफ्नो संरचनाहरू अगाडि बढाउन, बढ्न सकिरहेको छैन । मुद्दाहरू पनि उठाउन सकिरहेको छैन । अब फेरि तरुण दललाई पुनर्जागृत गरेर युवाहरूको सशक्त संगठनको रूपमा एउटा पार्टी कांग्रेसको मात्र होइन, युवाहरूको सशक्त संगठनको रूपमै अगाडि बढाएर जानु आजको आवश्यकता हो । यसो हुँदा तरुण दलप्रति गुमेको विश्वास फर्किन्छ र तरुणहरूको प्रभाव पनि बढ्दै जानेछ ।

*(साभार: अनलाइनखबर)*

# निराशा चिर्न विकासमूलक पत्रकारिता

✍ सागर पण्डित

नेपालमा लामो संघर्षपछि लोकतन्त्र र त्यसपछि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको यात्रा पूरा भएर आज सोही शासन प्रणालीअनुसारका कामहरु भइरहेका छन् । यद्यपि शासन प्रणालीको संस्थागत विकासका क्रममा विभिन्न समस्याहरु नदेखिएका होइनन् । तर ती समस्याहरु समाधान गर्न सकिने खालका छन् । कतिपयले केही विकृतिलाई आधार बनाएर मुलुक खत्तम भयो, ध्वस्त भयो, प्रमुख राजनीतिक दलहरु कामै लाग्दैनन्, सबै भ्रष्ट भए भन्नेजस्ता गलत भाष्य सिर्जना गरेर निराशाको खेती गरिरहेका छन् । यस्तो अवस्थामा विकासमूलक पत्रकारिताको अपरिहार्य बढेर गएको छ ।

सरकारलाई निरन्तर प्रश्न गर्नुपर्छ, खबरदारी गर्नुपर्छ तर निराशा फैलाउने खेती सबै पक्षबाट बन्द गरिनुपर्छ । नेपाली सञ्चार माध्यमले पनि निराशाको खेती फैलाउनेहरुको सशक्त प्रतिरोध गर्दै विकास पत्रकारितामार्फत मुलुकमा आशाको सञ्चार फैलाउन अब ढिलाइ गर्नुहुँदैन । सरकारले पनि मिडियामैत्री नीति नियम ल्याएर आवश्यक वातावरण बनाउन सक्नुपर्छ । मिडियालाई सधैँ विरोधी देख्ने शासकीय सोच सबैले त्याग्नुपर्छ ।

हिजोका दिनमा मिसन पत्रकारिता मार्फत देशको राजनीतिक संक्रमणमा अग्रणी भूमिका निर्वाह गरेको नेपाली पत्रकारिता आज नयाँ युगको मोडमा छ- अब पत्रकारिताको मूलधार विकासमूलक पत्रकारितामा केन्द्रित हुन आवश्यक छ । राज्यको संरचना बदलिएको छ तर नेपाली सञ्चार क्षेत्रले आफ्नो भूमिका अझै पनि समकालीन आवश्यकतानुसार परिभाषित गर्न बाँकी छ । देशको राजनीतिमा स्थायित्वको अपेक्षा राखिँदै गर्दा अबको प्राथमिकता विकास, समृद्धि र सामाजिक रुपान्तरण हुनुपर्छ । यही परि वर्तनको संवाहक बन्न सक्ने सामर्थ्य विकास पत्रकारितामा छ ।

तर यथार्थ के छ भने, नेपाली सञ्चार माध्यम अझै पनि राजनीतिक वादविवाद, गुट-उपगुट, सत्ताका समीकरण र विवादकै वरिपरि घुमिरहेको छ । यहाँको केही मिडियाले कतिपय अवस्थामा स्वार्थपूर्तिका लागि चिथोर्ने र कोपर्ने सिद्धान्त अंगीकार गरिरहेका छन्, जुन मिडियाको वास्तविक धर्मभित्र पर्दैन ।

अधिकांश मिडियाका समाचारमा दुर्घटना र अपराधले पनि विशेष प्राथमिकता पाउँदै आइरहेका छन् । ती मिडियाको टिप्पणीमा निराशा छ, विश्लेषणमा विघटनको सन्देश छ- विकासका प्रयत्न, सफलताका कथा र आम नागरिकमा आशा जगाउने ऊर्जा भने विरलै पाइन्छ । नेपाली मिडिया आफ्नो मूल धर्म र कर्मको रुपमा रहेको सामाजिक उत्तरदायित्वको सिद्धान्तबाट च्यूत हुन पुगेको हो कि भन्ने चिन्ता सर्वत्र देखिन थालेको छ ।

त्यसैले यहाँको मिडिया गम्भीररुपमा घोत्लिन जरुरी छ । अब यहाँको मिडियाले विकास पत्रकारितामार्फत आर्थिक, सामाजिक, सांस्कृतिक र विकासका मुद्दाहरुमा नागरिकको सरोकार र चासो प्रतिनिधित्व हुने गरी रिर्पोटिङको गति बढाउन जरुरी छ । विकास पत्रकारिताले मानवीय हित र विकासको प्रवर्द्धन गर्छ भने मानिसलाई गरिबीबाट मुक्त गर्न र गरिब बनाउने संयन्त्रसँग प्रश्न गर्ने र जवाफ माग्ने अधिकारको वकालत गर्छ ।

यसै गरी विकास पत्रकारिताले नै सामाजिक, आर्थिक मुद्दाहरुमा बहस र पैरवी गर्छ । समाचार वा विचार राजनीतिबाट पृथक छ र राजनीतिभन्दा धेरै विषयहरु छन्, जसले मानवीय चासो र सरोकारको प्रतिनिधित्व गर्छ भन्ने आत्मबोध गर्नु नै विकास पत्रकारिताको मर्म हो । यसले आम नागरिकलाई आफ्ना कथाहरु भन्न उत्प्रेरित मात्रै गर्दैन, बरु उनीहरुकै मुखबाट कथा बाहिर ल्याउँछ ।

विकास पत्रकारिताको शुरुवात एसिया महादेशबाटै भएको इतिहास छ । फिलिपिनी प्राध्यापक नोरा क्रुज क्युब्रालले सन् १९७० को दशकमा विकास सञ्चार अवधारणा सार्वजनिक गरेसँगै विकास सञ्चार र विकास पत्रकारिता प्रयोगमा आउन थालेको हो । विश्वस्तरमा हेर्ने हो भने गरिबी, भोकमरी र महामारीजस्ता कारणले केही मुलुकहरु प्रभावित छन् । यसो हुँदा विकास पत्रकारिताले समेट्ने मुद्दा र क्षेत्रहरुमा पनि परिवर्तन आइरहेको छ ।

तर नेपालको परिवेश अलि फरक छ । यहाँ भोकमरी हुने गरी चरम गरिबीको अवस्था छैन । तर आम नागरिकले संघीय लोकतान्त्रिक गणतन्त्र आइसकेपछि जुन रफ्तारमा मुलुकको विकास र प्रगति हुने अपेक्षा गरेका थिए, त्यो रफ्तारमा नहुँदा असन्तुष्टि चुलिएको हो । नागरिकको यही असन्तुष्टिलाई चिर्न पनि नेपाली मिडियाले सरकारलाई विकासप्रति समर्पित हुन झकझकाउनुपर्छ भने भएका विकास निर्माणका कार्यको उल्लेख्य प्रचारप्रसार गरिदिनुपर्छ ।

### आशावाद होइन, सकारात्मक तथ्यको प्रसार

विकासमूलक पत्रकारिता भन्नेबित्तिकै कतिपयले बुझ्ने गर्छन्- सत्ताको पक्षपोषण, प्रोपोगान्डा वा 'सकारात्मक समाचार' मात्र । तर विकास पत्रकारिता न त चाप्लुसी हो, न त आँखामा पट्टी बाँधेर लेखिने प्रशस्ती । यसको मुख्य उद्देश्य भनेको देशमा भइरहेका सकारात्मक पहल, रणनीति र योजनाको तथ्यमा आधारित प्रसार गर्नु, विकृति र असफलताको समीक्षा गर्दै सुधारका लागि आवश्यक सुझाव दिनु र निरन्तर खबरदारी गर्नु ।

साथै विकास निर्माण कार्यमा सरकारी पक्षलाई जिम्मेवार बनाउनु पनि विकासमूलक पत्रकारिताको उद्देश्य हो । यसका लागि प्रेसले विकासलाई राष्ट्रको प्रमुख एजेन्डा मानेर त्यसैको वरिपरि संवादको वातावरण सिर्जना गर्नुपर्छ । अहिले मुलुकमा सरकारका थुप्रै महत्वाकांक्षी कार्यक्रमहरू कार्यान्वयनको चरणमा छन् ।

उदाहरणका लागि :

१ फास्ट ट्र्याक परियोजना तीव्र गतिमा अगाडि बढिरहेको छ ।
२ दैलेखमा मिथेन ग्याससहितको ग्यास खानी पत्ता लागेर काम धमाधम अघि बढेको छ । ११२ अर्ब घनमिटर मिथेन ग्यास रहेको तथ्य फेला परेको छ ।
३ नवलपरासीमा फलाम खानीको सम्भाव्यता पुष्टि भएको छ ।
४ आधुनिक सिंचाइ कार्यक्रममार्फत तराईको कृषि उत्पादनमा वृद्धि गर्न थालिएको छ ।
५ सुरुङ मार्ग र सडक विस्तारका ठूला आयोजनाहरू कार्यान्वयन भइरहेका छन् ।
६ स्टार्टअप कर्जामार्फत युवालाई स्वरोजगारको बाटो देखाइएको छ ।
७ रुग्ण हजारौं आयोजनामध्ये २ सय आयोजना छनौट गरी गति दिलाउने प्रयास जारी छ ।

यी र यस्तै सकारात्मक पहल भइरहेका छन् ।

यी कुनै पनि सामान्य प्रयास होइनन् । यस्ता विषयले आम जनतालाई आशावादी बनाउँछन् । मुलुकको समग्र छवि सुधार गर्ने हुन्छ । तर यिनै प्रयासलाई पत्रकारिताले उचित स्थान दिन सकेको छैन । समाचार कक्षमा, टक-शोमा, सम्पादकीय पृष्ठमा यस्ता मुद्दा अझै छेउका विषयजस्ता बनाइएका छन् । अब विकास पत्रकारितामार्फत यस्ता महत्वपूर्ण विषयलाई निरन्तर उठाइरहनुपर्छ ।

### निराशावादको खेती र मिडियाको भूमिका

राजनीतिक अस्थिरता, बेरोजगारी, महँगी, भ्रष्टाचार आदि समस्याको निरन्तर बहस हुनु स्वाभाविक हो । तर निरन्तर यिनै विषयलाई अत्युक्तिपूर्वक प्रस्तुत गरेर देश नै खत्तम भयो, अब केही हुँदैन्, सबै नेता चोर छन्, सबै योजना धोका हुन् भन्ने भाष्य मिडिया आफैंले बनाउने हो भने त्यो राष्ट्रघातसमेत हुन सक्छ ।

यथार्थमा नेपालले पछिल्लो दशकमा धेरै महत्वपूर्ण सुधारहरू हासिल गरेको छ । विद्युत् आपूर्तिमा उल्लेखनीय सुधार आएको छ । ग्रामीण क्षेत्रमा इन्टरनेटको पहुँच अभूतपूर्वरूपमा बढेको छ । शिक्षा र स्वास्थ्यमा आधारभूत पहुँच सुदृढ भएको छ । जनताले धेरै समस्याका बीच पनि केही परिवर्तनको अनुभूति गर्न थालेका छन् । अब मिडियाले यिनै अनुभूतिलाई सशक्त बनाउनेतर्फ लाग्नुपर्छ ।

### तथ्यमा आधारित प्रश्न, दिगो बहस

विकासमूलक पत्रकारिता भनेको सरकारको हरेक कामको गुणगान गाउनु भन्ने होइन । बरु योजनाको प्रभावकारिता, पारदर्शिता, कार्यान्वयनको गति र जनताको वास्तविक अनुभवको गहिरो रिपोर्टिङ गर्नु हो । सरकारको आलोचना गरिनुपर्छ तर तथ्यमा आधारित ढंगले । यसो गर्दा मात्र सरकार पनि जिम्मेवार बन्न बाध्य हुन्छ ।

आजको सन्दर्भमा पत्रकारिता तीनवटा खतरनाक प्रवृत्तिबाट गुज्रिरहेको छ । एक- निरन्तर नकारात्मकता प्रसार गरेर जनतालाई निराश बनाउने प्रवृत्ति, दुई- स्वार्थ समूहको एजेन्डा बोकेर खबर बनाउने प्रयास र तीन- सामाजिक सञ्जालको हाइपमा चढेर 'सेन्सेसनलिज्म' गर्नु । यी तीनवटै प्रवृत्ति विकास पत्रकारिताको मूल भावना विपरीत छन् ।

### संघीयता र मिडियाको पुन: जिम्मेवारी

संघीय संरचनाअनुसार देशमा ७७ वटा जिल्ला, ७ प्रदेश र ७५३ स्थानीय तहका सरकार हरू सक्रिय छन् । तिनका आफ्नै योजना, चुनौती र उपलब्धि छन् । तर राष्ट्रिय मिडियाको नजर अझै पनि राजधानी केन्द्रित छ । विकास पत्रकारिता भनेको स्थानीय तहको विकास प्रयास, सफल नीतिको अध्ययन, असफलताको समीक्षा र अनुकरणीय अभ्यासको प्रसार गर्ने काम हो । स्थानीयस्तरमै स्वास्थ्यमा सुधार ल्याउने योजना, शिक्षा गुणस्तरीय बनाउन गरिएका पहल र घरेलु रोजगारीका प्रयासजस्ता सानातिना कुराहरू समेटेर सम्पूर्ण राष्ट्रका लागि पाठ बन्न सक्ने सामग्री बनाउनु पत्रकारिताको धर्म हो ।

### जागरण, शिक्षा र दिगो रूपान्तरण

विकास पत्रकारिता केवल समाचारको शैली मात्र होइन, यो राष्ट्र निर्माणको अभियान हो । जनतालाई सूचित गर्नु, उनीहरूलाई सरोकारका विषयमा जागरुक बनाउनु, उनीहरूको सहभागिता सुनिश्चित गर्न सक्ने वैचारिक आधार तयार गर्नु यसको गहिरो उद्देश्य हो ।

अब नेपाली मिडियाले आत्मसमीक्षा गर्नुपर्छ- के हामी केवल आलोचकका रूपमा सीमित हुने हो ? कि सुधारको सारथी बन्ने हो ? के हामी हरेक दिन जनतालाई निराश बनाउने मात्रै हो ? कि आशाको किरण पनि देखाउने हो ? उत्तर स्पष्ट छ- अब पत्रकारिता मुलुक विकासको पथप्रदर्शक बन्नुपर्छ र निराशा चिर्ने उत्प्रेरक ।

नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र अब स्थायीतर्फ उन्मुख हुँदै छ । यो संरचना नै मिडियाको स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता र खोज पत्रकारिताको मेरुदण्ड हो । यस्तै संरचनामा सशक्त प्रेस हुर्कन्छ, नागरिक सशक्त हुन्छन् र देश समृद्ध बन्छ । अबको आवश्यकता नारा, भीड र विखण्डन होइन, दिगो विकास, सबल राज्य र आशावादी समाज हो । यसका लागि अबको पत्रकारिताको मुख्य बाटो नै विकासमूलक पत्रकारिता हो ।

पत्रकारहरूले अब कलम उठाउनुपर्छ तर केवल विरोधका लागि भने होइन । खोज, तथ्य, सन्तुलन र समाधानको प्रस्तावसहित कलम उठाउनुपर्छ । अनि मात्र पत्रकारिता लोकतन्त्रको चौथो अंग मात्र होइन कि राष्ट्र विकासको मेरुदण्ड बन्न सक्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# अब आइटी प्रोफेशनल्सले पाउनेछन् मासिक २ लाखसम्म पारिश्रमिक



काठमाडौं/सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अब नेपालमा आइटी प्रोफेशनल्सलाई २ लाख तलब दिन सक्ने बाटो खोलिदिएको छ । मन्त्रालयले आज सार्वजनिक गरेको सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स, २०८२' अनुसार अब दक्ष जनशक्ति आइटी अफिसरले मासिक २ लाखसम्म तलब पाउने बाटो खोलिदिएको हो ।

मन्त्रालयले खरिद नियमावली ६४को १२ ले दिएको अधिकार प्रयोग गर्दै उक्त मापदण्ड बनाएको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले बताए । उनले संचारकर्मीसँग भने, 'प्रविधिमा पोख्त युवाहरू विदेश पलायन भइरहेका बेला हामीले आइटीमा दक्ष युवाहरूलाई नेपालमै रोजगारी दिने र युवा पलायन रोक्नका लागि पनि नयाँ मापदण्ड बनाएका छौं । आइटीमा दक्ष अधिकृतहरूले २ लाखसम्म तलब पाउनुहुन्छ । सचिवज्यूले निर्णय गरिसक्नु भयो होला । '

मन्त्री गुरूङका अनुसार लामो समयदेखि सरकारी निकायहरूमा न्यून तलब र सुविधाका कारण दक्ष आइटी जनशक्ति टिक्नु नसकेर विदेश पलायन हुन थालेको गुनासो थियो । उक्त समस्या सम्बोधन गर्न सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ ले दिएको अधिकार प्रयोग गरी उक्त मापदण्ड ल्याइएको मन्त्री गुरूङको भनाइ छ । मन्त्रालयलय जारी गरेको उक्त मापदण्ड अनुसार अब सार्वजनिक निकायहरूले विकास गर्नुपर्ने सफ्टवेयर प्रणालीको प्रकृति अनुसार आवश्यक पर्ने जनशक्तिको शैक्षिक योग्यता, अनुभव र पारिश्रमिकको स्पष्ट निर्धारण गरिदिएको छ ।

'अब कुनै पनि परामर्श सेवा लिँदा वा सफ्टवेयर विकास गर्दा लाग्ने खर्चको अनुमानमा एकरूपता आउनेछ र लागत अनुमान अझ यथार्थपरक हुनेछ । यसलाई हामी सकारात्मक रुपमा लिएका छौं ।' मन्त्री गुरूङले भने ।

**आइटीका कुन जनशक्तिले कति पाउनेछन् तलब ?**

मन्त्रालयले जारी गरेको मापदण्ड अनुसार सबैभन्दा उच्च पारिश्रमिक परियोजना प्रबन्धक वा आइटी टिम लिडरलाई तोकिएको छ । जसमा सूचना प्रविधि (आइटी)मा स्नातकोत्तर र ५ वर्षको न्यूनतम अनुभव भएका व्यक्तिले मासिक २ लाख रुपैयाँसम्म प्राप्त गर्न सक्नेछन् । यस्तै सूचना प्रविधिमा स्नातक गरी पाँच वर्षको अनुभव भएका एसओसी एनालिष्ट (एल-३), डिजिटल फरेन्सिक विश्लेषक, जोखिम जासुसी विशेषज्ञले मासिक १ लाख ७२ हजारसम्म तलब पाउन सक्नेछन् ।

यसैगरी सूचना प्रविधिमा स्नातक र सम्बन्धित प्रमाणीकरण सहित ५ वर्षको अनुभव भएका सिस्टम आर्किटेक्ट तथा विश्लेषकले मासिक १ लाख ६० हजार तथा सोही योग्यता भएका सिनियर डेटाबेस डिजाइनर, सिनियर सफ्टवेयर-वेब-एन्ड्रोइड डेभलपरले भने मासिक १ लाख ४० हजार रुपैयाँ पारिश्रमिक पाउनेछन् । यस्तै क्लाउड तथा इन्फ्रास्ट्रक्चरमा ५ वर्षको अनुभव भएका तथा एपीआईमा ३ वर्ष अनुभव भएका आइटी प्रोफेशनल्सले मासिक १ लाख २५ हजार रुपैयाँ पारिश्रमिक पाउने मापदण्डमा उल्लेख छ ।

यसैगरी २ वर्ष अनुभव भएका भलनरेबिलिटी एक्सेसर, इथिकल ह्याकर, एप्लिकेशन सेक्युरिटी इन्जिनियर र थ्रेट एनालिष्टलाई १ लाख १० हजार तलब निर्धारण गरिएको छ । त्यसबाहेक सूचना प्रविधिमा स्नातक र सम्बन्धित प्रमाणीकरण सहित ३ वर्षको अनुभव भएका इन्फरमेसन सेक्युरिटी अफिसर र एसओसी एनालिस्टका लागि मासिक १ लाख ५ हजार सम्म तलब तोक्न सकिनेछ ।

यस्तै ३ वर्ष अनुभव भएका डेटाबेस एडमिनिस्ट्रेटर, क्वालिटी एसुरेन्स एनालिस्ट, सफ्टवेयर टेस्टर, आइटी अडिटर, सिस्टमर नेटवर्क एडमिनिस्ट्रेटरलाई ९० हजार पारिश्रमिक तोकिएको छ भने २ वर्ष अनुभव भएका सफ्टवेयर, वेब, एन्ड्रोइड, आइओएस डेभलपर, डिजाइनर र ट्रेनिङ सेपेसलिष्टलाई ८० हजार पारिश्रमिक निर्धारण गरिएको छ । यस्तै अनुभव नभएता पनि जुनियर डेभलपर जस्तालाई प्रोत्साहनको लागि भने ४० हजार तलब निर्धारण गरिएको मन्त्रालयले जारी गरेको मापदण्डमा उल्लेख छ ।

**प्रविधि क्षेत्रमा कस्तो प्रभाव पर्छ ?**

सरकारले बनाएको यो मापदण्डले अब सरकारी निकायहरूमा दक्ष र अनुभवी आईटी प्रोफेशनल्सलाई थप आकर्षित गर्ने यसमा चासो राख्ने सरोकारवालाहरूले प्रतिक्रिया दिएका छन् । सूचना प्रविधिलाई नजिकबाट नियालिरहेका तथा क्यान महासंघका वरिष्ठ उपाध्यक्ष चिरञ्जिवी अधिकारीले यो मापदण्डले सरकारी सेवाको गुणस्तरमा सुधार आउने बताउँछन् ।

उनी भन्छन्, 'सरकारले ल्याएको सूचना प्रविधि प्रणालीको विकास तथा परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स, २०८२ मापदण्डले प्रविधिमा लाग्ने दक्ष जनकशितलाई निक्कै राहत दिएको छ । अब युवाहरू केही हदसम्म विदेश पलायन हुनबाछ रोकिन्छन् होला ।' सरकारले चाँडैले प्रविधिको सीप र प्रस्तुतीका आधारमा जनशक्तिको तलब निर्धारण गरे उपर्युक्त हुने उनको सुझाव छ ।

उनले सफ्टवेयर विकास र परामर्श सेवाको लागत अनुमानलाई यो मापदण्डले थप पार दर्शी र यथार्थपरक बनाउने विश्वास व्यक्त गरे । 'यो निर्णयले 'डिजिटल नेपाल फ्रेमवर्क' को लक्ष्य हासिल गर्नका लागि एक महत्त्वपूर्ण कोसेढुङ्गा सावित हुन सक्छ । नेपाल अब समृद्धिको बाटोमा जान धेरै समय लाग्दैन' उनले भने ।

यस्तै सरकारले ल्याएको यो मापदण्डले प्रविधिमा अध्ययषन गर्ने युवाहरूले प्रविधिमा भविष्य मात्रै देख्ने नभइ सरकारी जागिरतर्फपनि आकर्षित हुने सूचना प्रविधि विज्ञ मनोहर भट्टराईको भनाइ छ । उनले भने, ' यसले देश बाहिरका महंगा परामर्शदाताहरूको सट्टा स्थानीय दक्ष जनशक्ति प्रयोग गर्न प्रोत्साहन गर्छ नै । सरकारी जागिरमा प्रविधिमा लागेका युवाहरूको थप आकर्षण बढ्छन् भने सरकारी कर्मचारीहरू पनि प्रविधिको सीप सिक्न थाल्छन् ।'

यस्तै नेपाल चेम्बर अफ कमर्सकाका सूचना प्रविधितर्फका अध्यक्ष विज्ञान श्रेष्ठले युवाहरूलाई प्रविधि क्षेत्रमा वातावरण बन्न थालेको अनुभूति हुन थालेको बताए । उनले भने, ' अहिले युवाहरू किन धमाधम बाहिरिएका छन् भनेर खोज्दा उनीहरूलाई प्रविधिमा गर्न सक्ने न आधार थिएन । अब आइटीका केही मापदण्ड त बनेका छन् । अझ कानुन नै बनेर आओस् । नेपालका युवाहरू सरकारी कार्यालयका कोठामा चक्कर काट्न नपरोस् ।' सफ्टवेयर प्रणालीको वार्षिक मर्मत सम्भारका लागि आवश्यक जनशक्तिको लागत निर्धारण गर्दा सफ्टवेयर प्रणाली विकास गर्दा लागेको खुद लागतको २० प्रतिशतभन्दा बढी नहुने गरी अनुमान नर्म्समा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# रुबी हत्या प्रकरण: लक्ष्मणको मृत्युले अनुसन्धान फाइल बन्द हुने जोखिम

जनकपुरधाम/रौतहटमा सुटकेसमा शव फेला परेदेखि सनसनी फैलिएको रुबी साहको हत्या प्रकरणको अनुसन्धान फाइल बन्द हुने अवस्थामा पुगेको छ । रुबीको हत्याका मुख्य आरोपी लक्ष्मण पासवानको मृत्यु भएसँगै सो घटना सम्बन्धी फाइल बन्द हुने अवस्थामा पुगेको हो । लक्ष्मणको बुधबार साँझ ६ बजे काठमाडौंको कीर्तिपुरस्थित वर्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको रौतहटका प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले बताए ।

चार दिनदेखि प्रहरीको तिव्र खोजीमा रहेका हत्या आरोपी पासवान बुधबार बिहान ७ बजेतिर रौतहटको माधवनारायण नगर पालिका-६ माधोपुरबाट पश्चिमतर्फको बगैंचा हुँदै बिसुनपुरवा-मानपुर जाने बाटोमा जलेर घाइते भएको अवस्थामा फेला परेका थिए ।

उनले आत्महत्या गर्न आफैंले जिउमा पेट्रोल छर्केर आगो लगाउँदा गम्भीर घाइते भएका थिए । प्रहरीले नियन्त्रणमा लिएर उपचारको लागि उनलाई गौर ल्याएको थियो । त्यहाँबाट थप उपचारको लागि काठमाडौंको किर्तिपुरस्थित वर्न अस्पताल पठाइएको थियो । मुख्य आरोपी पासवानकै मृत्यु भएकाले उनको हत्याको फाइल नै बिस्तारै बन्द हुने अवस्थामा जाने रौतहटका प्रहरी प्रमुख एसपी नेत्रमणि गिरीले बताए ।

'अहिले घटना अनुसन्धानकै क्रममा छ । मुद्दा दर्ता त हुन्छ नै । हत्या घटनामा अन्यको संलग्नता बारे पनि अनुसन्धान गर्दैछौं । तर हत्यामा लक्ष्मण मात्रै संलग्न भएको पाइए बिस्तारै फाइल क्लोज हुन्छ,' एसपी गिरीले भने । सुटकेसमा शव फाल्ने ई-रिक्सा चालक राजकुमार महरा पनि अहिले प्रहरी हिरासतमै छन् । उनीमाथि समेत प्रहरीले अनुसन्धान जारी राखेको छ । 'हत्या घटनामै रिक्सा चालक त दोषी देखिँदैन । हेरौं अनुसन्धानको क्रममा के हुन्छ,' रौतहटका प्रहरी प्रवक्ता डीएसपी राजु कार्कीले भने । हुन त हत्या आरोपी लक्ष्मण पासवानले नै आफ्नो जिउमा आगो लगाएर आत्महत्या गर्नुअघि भिडियो बनाउँदै आफूले नै रुबीको हत्या गरेको स्वीकारेका छन् ।

'रुबीलाई मारेदेखि मेरो हात काँपिरहेको छ । मेरो जान मरिसकेकी छन् । म बाँचेर के गर्नु । पक्राउ परे जेल जानुपर्छ । १०/१५ वर्ष सजाय भोग्नुपर्छ । म पनि रुबी कहाँ नै जान्छु,' उनले भिडियोमा भनेका छन् ।

उनले रुबी र आफूबीच ६ कक्षादेखि नै प्रेम सम्बन्ध रहेको, दुईपटक विवाह समेत गरेको खुलाइसकेका छन् । तर आफू गरिब भएकै कारण रुबीको आमाले स्वीकार नगर्दा यो स्थिति आएको पनि उनले भिडियोमा भनेका छन् ।

माधव नारायण नगर पालिका-६ माधवपुर माइत भएकी रुबीको भारतको बिहारस्थित मुजफ्फरपुरमा बिहे भएको थियो । लक्ष्मणको घर र रुबीको माइती घर एउटै गाउँमा हो । रुबी केही महिनादेखि गौरमा डेरा लिएर आफ्ना ४ वर्षीया छोरालाई पढाउँदै थिइन् ।

लक्ष्मणका पनि दुई छोरा छन् । वडा नम्बर ६ का वडाध्यक्ष रामनरेश यादवका अनुसार लक्ष्मण करिब ७ महिना अघि विदेशबाट फर्केका थिए । रुबीको शव राखेर फालेको सुटकेस उनले विदेशबाटै ल्याएका थिए । उनी जगरनाथ पासवानका एक मात्र छोरा थिए । गौरमा डेरा लिएर लक्ष्मण बसिरहेको कुरा घटनापछि मात्र खुलेको उनको भनाइ छ । उनका अनुसार केही लेनदेनको कारण रुबीको माइतको परिवार केही वर्षदेखि गाउँमा बसिरहेका छैनन् । उनको घर भएको घडेरीबाहेक केही छैन ।

**यसरी भएको थियो रुबीको हत्या**

गत शनिबार राति १० बजेतिर गौर-सिरसिया सडकखण्ड अन्तर्गत गौर नगरपालिका-९ मुडवालगेटस्थित सडकमा बेवारिसे अवस्थामा सुटकेस फेला परेको थियो । भित्र महिलाको शव भएको आशंका सहित रातभर रुँगेर प्रहरीले आइतबार बिहान खोलेको थियो । जसमा घाँटीमा डोरी र सल बेरेको अवस्थामा शव थियो ।

केहीबेरपछि सो शव रुबीको रहेको माइती पक्षले पुष्टि गरेका थिए । डीएसपी कार्कीका अनुसार रुबीको परिवारले लक्ष्मण पासवान समेत यस घटनामा संलग्न हुन सक्ने आशंकासहित प्रहरीमा विगतको घटनाक्रमको जानकारी दिएका थिए ।

लक्ष्मण १४ वर्षअघि रुबीलाई अपहरण गरेर भारतमा लुकाएको आरोपमा पक्राउ परेका थिए । १४ वर्षकै उमेरमा रुबीलाई अपहरण गरेको भन्दै परिवारले दिएको अपहरण तथा शारीरिक बन्धक, मानव बेचबिखनमा मुद्दामा उनी १७ दिन हिरासत बसेर छुटेका थिए ।

उनको विगतले प्रहरीलाई अनुसन्धानमा सहज पुगेको र फाल्ने ई-रिक्सा चालक राजकुमार महरा पक्राउ परेपछि हत्यारा पत्ता लगाउन थप सहज भएको डीएसपी कार्कीले बताए । रिक्सा चालक महराले आफूलाई पाँचसय रुपैयाँ दिएर लक्ष्मण पासवानले शव फाल्न लगाएको बयान र ठाउँको बारेमा भनेपछि हत्या भएको घर प्रहरीले पत्ता लगाएको थियो ।

गौर गरपालिका-५ बालमन्दिर पछाडि पासवानले डेरा लिएर बसेको कोठामा रुबीको हत्या भएको पुष्टि भएको थियो । त्यहाँबाट प्रहरीले रुबीको चप्पल लगायतका सामग्रीहरू पनि बरामद गरेको थियो । लक्ष्मण बेपत्ता भएकाले प्रहरीले खोजी कार्य तीव्र बनाएको थियो । पासवानले शव व्यवस्थापनको लागि गौरको कबिर चोकबाट राजकुमार महराको ई-रिक्सा बुक गरेर ल्याएका थिए । उक्त ई-रिक्सामा शवसहितको सुटकेस बोकेर पासवान बरहवा पुल पारी पुगेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# वीरगञ्जमा झाडापखाला र हैजाका बिरामी ५ सय नाघ्यो



काठमाडौं/वीरगञ्जमा झाडापखाला र हैजाका लक्षण लिएर अस्पताल पुग्ने संख्या ५ सय नाघेको छ । वीरगञ्ज महानगरपालिकाको स्वास्थ्य शाखाले बुधबार साँझ सार्वजनिक गरेको तथ्यांक अनुसार झाडापखाला र हैजा संक्रमितको संख्या ५२८ जना पुगेको जनाएको हो ।

बुधबार साँझ ६ बजेसम्म ११४ जनामा हैजा संक्रमित पुष्टि भएकोमा बिहीबार १८ नयाँ संक्रमित थपिएका हुन् । गत २४ घण्टामा नै १०६ जना नयाँ बिरामी थपिएका छन् । तथ्यांक अनुसार आईसीयूमा ३५, एचडीसीयूमा ४ र वार्डमा २३२ जना झाडापखाला र हैजाका बिरामी उपचाररत छन् । गत शुक्रबार यता हालसम्म २५७ जना झाडापखाला र हैजाका बिरामी उपचारपछि अस्पतालहरूबाट डिस्चार्ज भएर घर फर्किएका छन् ।

महाशाखाका अनुसार आरडीटी परीक्षणमा नारायणी अस्पतालमा ४७, तराई अस्पतालमा ४३, नेसनल मेडिकल कलेजमा १७ जना झाडापखालाका बिरामीमा हैजा संक्रमण पुष्टि भएको हो । यसैगरी, वीरगञ्ज हेल्थ केयर ५ र मंगलम प्याथोलोजि र भवानी अस्पताल गरि एको आरडीटी परीक्षणमा समान ४ जनामा हैजा संक्रमण पुष्टि भएको छ । यसैगरी अली अर्थो अस्पताल र एड्भान्स सेन्ट्रल अस्पतालमा गरिएको परीक्षणमा समान २/२ जनामा हैजा संक्रमण पुष्टि भएको छ ।

अस्पतालका अनुसार मंगलबार झाडापखाला लागेर अस्पताल आएका एक बालक र दुई जना पुरुषमा हैजा संक्रमण पुष्टि भएको हो । वीरगञ्जका विभिन्न १६ वटा अस्पतालमा अहिले पनि झाडापखाला र हैजा संक्रमित गरेर २७१ जना बिरामी उपचाररत रहेको महाशाखाले जनाएको छ ।

पर्साकै पोखरिया नगर पालिकामा पनि ८ जनामा हैजा संक्रमण पुष्टि भएको छ । बुधबार ३ जना र बिहीबार थप ५ जना गरी ८ जनामा संक्रमण पुष्टि भएको पोखरिया अस्पतालका मेसु डा. आनन्द रौनियारले जानकारी दिए । ८ जनामध्ये एक जना संक्रमितलाई थप उपचारका लागि वीरगञ्ज पठाइएको छ भने बाँकीको पोखरिया अस्पतालमै उपचार भइरहेको छ ।

बुधबार बाराको कलैया अस्पतालमा एक जनामा हैजा संक्रमण पुष्टि भएको छ । गत आइतबार झाडापखालाको लक्षण देखिएर अस्पतालमा भर्ना भएका एक पुरुषमा बिहीबार संक्रमण पुष्टि भएको जिल्ला जनस्वास्थ्य कार्यालय बाराका प्रमुख रामनरेश यादवले जानकारी दिए । विज्ञका अनुसार झाडापखाला जस्तो देखिने हैजा केही गम्भीर प्रकृतिको हुन्छ । उक्त जीवाणुको संक्रमण भएको केही घण्टादेखि पाँच दिनभित्र यसका लक्षणहरू देखिन्छन् । हैजाको पहिलो स्रोत फोहोर वा तलाउ हुन् । हैजाको जिवाणु संक्रमण भएका अधिकांश मानिसमा साधारण लक्षणमात्र देखिन्छ र केही दिनभित्रै निको हुन्छ । जटिल समस्या देखियो भने तुरुन्तै उपचार दिन नसके मृत्यु हुन्छ । विज्ञ अनुसार केही मानिसमा हैजाको लक्षण नदेखिए पनि संक्रमण भएको हुनसक्छ र उनीहरूको दिसामार्फत लगातार केही दिनसम्म हैजाको जीवाणु बाहिर निस्कन्छ ।

# 'पारस': भुवनले छाडे, अब कृषाले बनाउँदै





काठमाडौं/६ वर्षअघि घोषणा भएको फिल्म हो, 'पारस' । निर्माता माधव वाग्लेले आफैंले निर्देशन गर्ने गरी उक्त फिल्मको घोषणा गरेका थिए । मुख्य भूमिकामा अभिनेता अनमोल केसीलाई लिइएको थियो । तर, पछि 'पारस'को सम्पूर्ण स्वामित्व अभिनेता भुवन केसीलाई दिएर निर्माता वाग्ले फिल्मबाट अलग भए । उनी बाहिरिएपछि भुवनले फिल्मको निर्देशकमा सिमोस सुनुवारलाई भित्र्याएका थिए ।

तर, निर्माता वाग्लेबाट 'पारस'को सम्पूर्ण स्वामित्व लिएको ५ वर्ष बढी भइसक्दा पनि भुवनले फिल्म बनाउन सकेनन् । अब उक्त नाम उनीबाट उम्किएको छ । 'पिताम्बर' र 'ऐंचो पैंचो'की निर्देशक कृषा चौलागाईंले 'पारस' शीर्षकमा फिल्म बनाउने भएकी छन् । चलचित्र विकास बोर्डमा उक्त नाम नविकरण नगरिएको पाइएपछि उनले साउन अन्तिममा फिल्म दर्ता गरेको जानकारी प्राप्त छ ।

बोर्डमा 'पारस' शीर्षक दर्ता गर्नुअघि कृषाले एकपटक भुवनसँग भने कुरा गरेकी थिइन् । भुवनले नै अनुमति दिएपछि उनले फिल्म दर्ता गरेको स्रोत बताउँछ । यसको मतलब भुवनले 'पारस' निर्माणको 'च्याप्टर' नै 'क्लोज' गरेका छन् । कृषाले भुवनबाट स्क्रिप्ट भने लिएकी छैनन् । यतिबेला भारतमा स्क्रिप्ट लेखनको काम भइसकेको जनाइएको छ । कृषा पनि बुधबार भारत प्रस्थान गरेकी छन् ।

'पिताम्बर' रिलिज लगत्तै कृषाले आफ्नो निर्देशनमा बन्ने नयाँ फिल्म 'जहाजैमा'को घोषणा गरेकी थिइन् । तर, अब यो फिल्मको निर्माण नै अन्योल बनेको छ । फिल्ममा अनुबन्धित भएका एकपछि अर्को कलाकारले हात झिकिरहेका छन् । यसैले कृषाले आफ्नै होम प्रोडक्सनबाट 'पारस' बनाउन लागेकी हुन् । उनले यो फिल्मलाई 'पिताम्बर'भन्दा पनि ठूलो स्केलमा निर्माण गर्ने बुझिएको छ ।

# 'हरिबहादुरको जुत्ता'को टिजरमा हाँसो र आँसुको मिश्रण



काठमाडौं/यसपालिको दशैंको फूलपाती (१३ असोज)बाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'हरिबहादुरको जुत्ता'को टिजर सार्वजनिक गरिएको छ । २ मिनेट लामो टिजरमा फिल्मका मुख्य अभिनेता हरिवंश आचार्य हाबी देखिएका छन् । उनलाई टेलिभिजनको चर्चित पात्र हरिबहादुरको भूमिकामा देख्न सकिन्छ ।

चोरीको आरोपमा जेल जीवन भोगेपछि हरिबहादुरले समाजमा पुनर्स्थापित हुन गरेको संघर्षलाई टिजरले हास्य शैलीमा प्रस्तुत गरेको छ । यसमा हरिबहादुर पात्रलाई सिरियलभन्दा फरक आयाममा उतारिएको छ । टेलिभिजनमा चतुर चोर र ठगको रूपमा चिनिएको हरिबहादुर, फिल्ममा भने जीवनका पीडा, संवेदना र समाजसँग जुधिरहेको देखिन्छ ।

टिजरमा हरिवंशसहित प्रियंका कार्की, स्वस्तिमा खड्का, प्रकाश सपूत, दिव्य देव, हरिहर शर्मा, कमलमणि नेपाल, निर्मल शर्मा, राजाराम पौडेल, दिनेश काफ्ले लगायतका कलाकारहरूको अभिनय समेटिएको छ । टिजरले फिल्मको कथामा राजनीति पनि महत्त्वपूर्ण पाटो हुने संकेत गरेको छ ।

एसएम मोसन पिक्चर्सको ब्यानरमा बनेको यो फिल्मलाई दीपेन्द्र के. खनालले निर्देशन गरेका हुन् । हरिवंश आचार्यको लेखन रहेको फिल्ममा सरोज ओली र मोहितवंश आचार्य निर्मातामा छन् । फिल्ममा कृष्ण बहादुर थापा छायाँकार, नकुल खड्का सम्पादक, राज कुमार उप्रेती द्वन्द्व निर्देशक तथा वसन्त सापकोटा, दीपक शर्मा र प्रकाश सपूत संगीतकारको रूपमा रहेका छन् ।

# 'महादशा'बाट फिल्म निर्देशनमा डेब्यु गर्दै किरण नेपाली




काठमाडौं/'दुई नम्बरी'का निर्माता किरण नेपालीले फिल्म निर्देशनमा डेब्यु गर्ने भएका छन् । उनले निर्देशन गर्ने फिल्मको नाम 'महादशा' राखिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच प्रि-टिजर सार्वजनिक गर्दै फिल्मबारे जानकारी गराइएको हो ।

अभिनेता प्रमोद अग्रहरीको 'भ्वाइस ओभर'बाट सुरु भएको प्रि-टिजरमा तीन पात्र प्रस्तुत छन् । एक व्यक्ति झाँक्रीको पोशाकमा ढ्याङ्ग्रो बजाउँदै देखिएका छन् भने एक महिला र एक पुरुष एकअर्कासँग जुधिरहेका देखिन्छन् । यसले शक्ति संघर्षको कथामा फिल्म बन्न लागेको संकेत गर्छ ।

लेकाली इन्टरटेन्मेन्टले निर्माण गर्ने फिल्ममा प्रमोदसहित प्रेमा लामगाढे, हाकिम गुरुङ, रेअर राई लगायतको अभिनय रहनेछ । निर्देशक नेपालीका अनुसार अन्य कलाकारबारे केही दिनमा जानकारी गराइनेछ । फिल्ममा मनिष गौतमको लेखन रहेको छ । राज के. शाह, श्याम मगर र अमला देवी राई निर्माता तथा सुरज आचार्य कार्यकारी निर्माता रहेको फिल्मले संस्कार, संस्कृति, अध्यात्मसँगै समाजमा विद्यमान रहस्यमय घटनाक्रम तथा मानिसको जीवनमा ग्रह-नक्षत्र र कर्मको प्रभावलाई कथावस्तुमा समेट्ने निर्माण पक्षले जनाएको छ । फिल्मको छायांकन दशैंपछि सुरु हुनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पेट्रोल भर्न हेलमेट अनिवार्य

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले प्रदेशभित्र बढ्दो सवारी दुर्घटना न्यूनीकरण तथा ट्राफिक सचेतना अभिवृद्धिका लागि सरोकारवाला निकायलाई ठोस कदम चाल्न निर्देशन दिएका छन् ।

बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा उनले सवारी दुर्घटना नियन्त्रणका लागि सबै निकायलाई समन्वयात्मक तरिकाले परिचालित भई प्रभावकारीरुपमा काम गर्न आग्रह गरे । बैठकमा नेपाल प्रहरी, राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय चितवनका तर्फबाट प्रदेशभित्र हुने सवारी दुर्घटनाको अवस्था, कारण र चुनौतीबारे संक्षिप्त प्रस्तुतीकरण गरिएको थियो । यसक्रममा चालकको लापरबाही, मादकपदार्थ सेवन गरेर सवारी चलाउने, दुईपांग्रे सवारी प्रयोगकर्तामा हेल्मेट नलगाउने जस्ता कारणले दुर्घटनाको दर उच्चरहेको तथ्यांक प्रस्तुत गरिएको थियो ।



मुख्यमन्त्री बानियाँले सबै निकायबीच आपसी समन्वय र प्रभावकारी कार्यान्वयनबिना दुर्घटना नियन्त्रण सम्भव नहुने बताउँदै तत्काल लागू गर्न सकिने केही महत्वपूर्ण कदमबारे निर्देशन दिएका छन् । उनले सवारीचालकमा मादकपदार्थ सेवन (मापसे) र लागूपदार्थसेवन (लापसे) परीक्षणलाई नियमित गर्ने, हेल्मेटको अनिवार्यता कडाइका साथ पालना गर्ने र 'इन्धनको लागि हेल्मेट अनिवार्य' अभियानलाई प्रभावकारी ढंगले अघि बढाउने विषयमा जोड दिए । बैठकमा नेपाल आयल निगम र नेपाल पेट्रोलियम डिलर्स एशोसियसन बागमती प्रदेशलाई पत्राचार गरी इन्धन वितरणका क्रममा हेल्मेट अनिवार्य गर्ने अभियान सुरु गर्न आग्रह गर्ने निर्णय भएको छ ।

त्यस्तै, जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायलाई यो अभियानको निगरानीमा सक्रिय भूमिका खेल्न निर्देशन दिइएको छ । साथै पेट्रोल पम्पमा हेल्मेट अनिवार्यसम्बन्धी सन्देशमूलक बोर्ड राख्ने व्यवस्था मिलाइने निर्णय गरिएको छ ।

बैठकमा सहभागी सरोकारवाला निकायका प्रतिनिधिले मुख्यमन्त्रीको निर्देशनलाई कार्यान्वयन गर्न आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनीहरुले दुर्घटना न्यूनीकरणका लागि प्रदेशस्तरीय मात्र नभई जिल्ला र स्थानीय तहमा समेत जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिएका थिए ।

आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारी, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयका प्रमुख सचिव भुपाल बराल, श्रम रोजगार तथा यातायात मन्त्रालयका सचिव बीरेन्द्रकुमार भारती, मकवानपुरका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायवमहानिरीक्षक अरुण पौडेल, सशस्त्र प्रहरीका नायवमहानिरीक्षक अन्जनीकुमार पोखरेल, पेट्रोलियम डिलर्स एसोसियसन बागमती प्रदेशका अध्यक्ष शुदर्शन कार्की, प्रदेश ट्राफिक कार्यालयका प्रहरीउपरीक्षक नरेशराज सुवेदी र जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रहरीनिरीक्षक गायत्रीराज शर्मा उपस्थित रहेका थिए ।

# आज ऋषिपञ्चमी, तीजको व्रत समापन गरिँदै



साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ प्रत्येक वर्ष भाद्रशुक्ल पञ्चमीका दिनमा मनाइने ऋषिपञ्चमी आज नेपाली नारीले अरुन्धतीसहित सप्तऋषिको पूजाआराधना गरी मनाउँदैछन् ।

महिलाले आज बिहानै उठेर नित्यकर्म गरी नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई तीनसय ६५ वटा दतिवनले दाँत माझ्ने, गाईको गोबर, माटो एवम् खरानी लगाई स्नान गर्दछन् । हरि तालिका (तीज) को व्रत एवम् पूजाआजा महिला पुरुष दुवैले गर्ने शास्त्रीय वचन रहेपनि ऋषिपञ्चमी भने महिलाका लागि मात्र गर्नुपर्ने शास्त्रीय वर्णन रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य एवम् धर्मशास्त्रविद् प्राडा देवमणि भट्टराईले जानकारी दिए । स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ । जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ ।

सप्तऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषिपञ्चमी भन्ने गरिएको हो । आज स्नान गरी पूजाआजा गरेपछि नरोपी उम्रेका अन्न सामा, कागुनो, कन्दमूल र कर्कला आदि खाई एकछाक हविष्य बस्नुपर्ने व्रतविधि छ । यस अवसरमा आज काठमाडौंको टेकु, मूलपानी, हेटौंडाको राप्ती नदीलगायत मुलुकभरका ऋषेश्वर मन्दिरमा पूजाआजाका लागि श्रद्धालु महिला भक्तजनको भीड लाग्छ । सप्तऋषिको पूजा गर्ने भएकाले यस दिनलाई ऋषिपञ्चमी पर्व भनिएको शास्त्रमा उल्लेख छ । तीजको अन्तिम दिन पनि भएकोले यसदिन महिलाले अरुन्धत्तीसहित सप्तऋषि कस्यप, अत्रि, भारद्वाज, वशिष्ठ, जमदग्नी, गौतम र विश्वामित्रको पूजा आराधना गरी तीज ब्रत समापन गर्ने परम्परा रहेको छ ।

पन्चमीमा ब्रतालु महिलाले नदी, ताल, पोखरी लगायतका जलाशयमा ३ सय ६५ वटा दतिवनले दाँत माझेर चोखो माटो, तील र गोबर लगाई स्नान गर्ने र चोखो वस्त्र पहिरेर मध्याह्नमा सप्तऋषिको पूजा गरी ब्राह्मणलाई दानदक्षिणा दिने चलन रहिआएको छ । आज नुहाएर पूजाआजा गर्ने, नरोपी उम्रेका अन्न, सामा, कागुनो, कन्दमूल र कर्कलो आदि खाने प्रचलन छ । पुराणमा उल्लेख भएअनुसार ब्रम्हहत्याको पापमुक्ति तथा रजस्वला भएका अवस्थामा जानी नजानी भए गरेका पापजन्य कार्यबाट मुक्ति मिलोस् भनेर सप्तऋषिको पूजा गर्ने प्रचलन रहेको छ । सप्तऋषिहरु वशिष्ठ तथा पतिब्रता अरुन्धतीको पूजा गर्नाले महिलाको रजोदोष लगायत अन्य सबै दोष नाश भएर यसलोकमा सम्बृद्धि प्राप्त हुने र परलोकमा मुक्ति मिल्ने विश्वास गर्ने गरिन्छ ।

सर्वोच्च अदालतको आदेश :

## 'अनलाइन बेटिङमाथि किन रोक नलगाइएको हो ? कारण पेश गर्नू'

काठमाडौं, ११ भदौ/ सर्वोच्च अदालतले अनलाइनबाट हुने जुवा र सट्टेबाजीका गतिविधी नियन्त्रण गर्न नसक्नुको कारण पेश गर्न सरकारका नाममा आदेश जारी गरेको छ ।

कानुनका विद्यार्थीहरू सुवास प्रसाद साह, निशा यादव र आरती कुमारी यादवले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि न्यायाधीश नित्यानन्द पाण्डेयको इजलासले निर्वाध रूपमा अनलाइन बेटिङ सञ्चालन हुनुको कारण पेश गर्न सरकारका नाममा आदेश दिएको हो ।

मुलुकी अपराध संहिताको दफा १२५ ले जुवा वा सट्टेबाजीलाई अपराध मानेपछि अनलाइनको माध्यमबाट निर्वाध रुपमा जुवा खेलाउने काम भइरहेको भन्दै उनीहरूले त्यसलाई रोक्न आवश्यक आदेश जारी गर्नुपर्ने माग गरेका थिए । विज्ञापनको नियमन गर्ने विज्ञापन बोर्ड, इन्टरनेटको नियमन गर्ने नेपाल दूरसञ्चार प्राधिकरण, विद्युतीय अपराधमा अनुसन्धान गर्ने र मुद्दा चलाउने साइबर ब्यूरो लगायतका निकायले अनलाइन सट्टेबाजी नियन्त्रणमा कुनै पहल नगरेको भन्दै उनीहरूले सर्वोच्च अदालतमा त्यसको रोकथामका लागि उचित आदेशको माग गरेका थिए ।

तत्काल अन्तरिम आदेश दिन अस्वीकार गरे पनि सर्वोच्च अदालतले अनलाइन जुवा रोक्न नसक्नुको कारण पेश गर्न सरकारका नाममा आदेश जारी गरेको हो । साथै सर्वोच्चले मुद्दालाई प्राथमिकता (अग्राधिकार)मा राख्न पनि आदेश दिएको छ ।

अचेल फेसबुकको रिल्स, टिकटक, इन्स्टाग्राम लगायतका सामाजिक सञ्जालहरूले प्रयोगकर्तालाई भ्रममा पारी आपराधिक क्रियाकलाप गरिरहेको र त्यसलाई रोक्न राज्य संयन्त्र असफल भएको उनीहरूको जिकिर छ ।

अनलाइन बेटिङ, सट्टेबाजी लगायतका क्रियाकलापले आम सर्वसाधारणलाई आपराधिक क्रियाकलाप गर्न प्रोत्साहित गरेको भन्दै उनीहरूले सरोकारवाला निकायहरूलाई विपक्षी बनाएर मुद्दा दायर गरेका हुन् ।

# सुमनसिंको झुप्रोमा मुख्यमन्त्रीको नजर: दसैंअघि घर बनाइदिने

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/गत भदौ ३ गते राक्सिराङ गाउँपालिका-१ इन्द्रुङका सुमनसिं प्रजा घरमा श्रीमती सुत्केरी रहेको र खानेकुरा केही पनि नभएको भन्दै गाउँपालिका कार्यालय पुगे ।

सुत्केरीलाई खुवाउने कुरा पनि केही नभएको र बस्ने घर पनि नभई झुप्रोमा बस्दै आएको थाहा पाएपछि गाउँपालिकाले तत्काल राहतको लागि दाल, चामल, तेल, नुन, कम्बल, त्रिपाललगायत सामग्री हस्तान्तरण गऱ्यो । सुमनसिंको परिवारलाई बस्ने बास र खानेकुराकै अभाव रहेको भन्दै विभिन्न सञ्चार माध्यममा समाचार आए । विभिन्न सामाजिक सञ्जालमा उनको झुप्रोको फोटोसहित पोष्ट भए । यो कुरा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँलाई समेत जानकारी भएपछि सुमनसिंले अब नयाँ घर पाउने भएका छन् ।



साउन २० गते मात्रै मुख्यमन्त्रीमा नियुक्त भएका सोही क्षेत्रका प्रदेशसभा सदस्य बानियाँले आफ्नो तलबभत्ताको रकमबाट निर्वाचन क्षेत्रका अतिविपन्न परिवार पहिचान गरी घर बनाइदिने घोषणा गरेका थिए । राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र नेपाली काँग्रेस राक्सिराङ सभापति वीरेन्द्र जिम्बालगायतको सिफारिसमा सुमनसिंको घर बनाउन मुख्यमन्त्री बानियाँले व्यक्तिगत खर्च गरिदिने भएका हुन् । बुधबार सिफारिससहित मुख्यमन्त्री कार्यालय पुगेका गाउँपालिका अध्यक्ष मल्ल, पार्टी सभापति जिम्बालगायतलाई मुख्यमन्त्री बानियाँले दसैंअघि नै घर तयार गर्नेगरी काम सुरु गर्न भनेका छन् ।

२ वटा कोठा, एउटा भान्छासहित ट्वाइलेट बाथरुम निर्माण यथाशीघ्र गरिने र दसैंअघि नै हस्तान्तरण गरिने गाउँपालिका अध्यक्ष मल्लले बताए । घर बनाउन खर्च हुने रकम मुख्यमन्त्री बानियाँले बेहोर्नेछन् । मुख्यमन्त्री बानियाँले केहीदिनअघि मनहरी गाउँपालिका-९ कि विपन्न दलित एकलमहिला मिठुमाया सुनारको घर निर्माणका लागि सहयोग गरेका छन् । उनको घर बनाउन बानियाँले पहिलो किस्ताबापत २ लाख रुपैयाँ हस्तान्तरण गरेका थिए ।

# कैलाशमा श्रेष्ठको विदाई, कँडेललाई स्वागत

साझाकुरा संवाददाता

हेटौंडा, ११ भदौ/ मकवानपुरको कैलाश गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठको विदाई गरिएको छ ।

बुधबार गाउँपालिकामा स्वागत तथा 'फेरि भेटौंला' कार्यक्रमका बीच श्रेष्ठलाई बिदाई गरिएको हो । श्रेष्ठले कैलाश गाउँपालिकामा ११ महिना ३ दिन कार्यसम्पादन गरेका थिए । श्रेष्ठ २०८१ असोज ८ गते कैलाशमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा आएका थिए । श्रेष्ठ संघीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तरगतको कार्यालयमा सरुवा भएका छन् । कैलाशमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा म्याग्दी जिल्लाको अन्नपूर्ण गाउँपालिकाबाट सरुवा भई रामप्रसाद शर्मा कंडेल आएका छन् । विदाई गर्दै गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले यहाँ रहुञ्जेल गर्नुभएको सेवाप्रति आभार प्रकट गर्दै आगामी यात्राको शुभकामना व्यक्त गरेका थिए ।

संघीयता कार्यान्वयन गर्न जनप्रतिनिधि जति नै कर्मचारीको पनि ठूलो योगदान रहेको भन्दै उनले ११ महिनाको बसाईले कैलाश गाउँपालिकाको विकासमा श्रेष्ठको अहम भूमिका रहेको बताए । त्यसैगरी कैलाशमा सरुवा भई आएका प्रमुख प्रशासकीय अधिकृत शर्मालाई सहकार्य, समन्वय, सहयोगका साथ गाउँपालिकामा कार्यसम्पन्न गरिने प्रतिवद्धता व्यक्त गरेका थिए । कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले प्रमुख प्रशासकीय अधिकृत श्रेष्ठलाई आगममी दिनको सफलताको शुभकामना व्यक्त गरे । कैलाशमा गरेको काम कतर्व्यप्रति आभार व्यक्त गर्दै उनले सरुवा भई आउनुभएका प्रमुख प्रशासकीय अधिकृत शर्मालाई गाउँपालिकामा स्वागत गरेका थिए । गाउँपालिका अध्यक्ष मुक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष मल्ल, प्रमुख प्रशासकीय अधिकृतद्वयश्रेष्ठ, कंडेललगायत गाउँपालिकामा कार्यरत शाखा प्रमुख तथा कर्मचारीको उपस्थिति रहेको थियो ।


## हैजाका लक्षण र बच्ने उपाय

**लक्षण:**

- ☞ बारम्बार पानीजस्तो पातलो पखाला लाग्ने,
- ☞ बारम्बार वान्ता हुने,
- ☞ शरीर कमजोर हुने, आँखा भासिने,
- ☞ शरीरमा पानीको कमी भई अत्यधिक पानी तिर्खा लाग्ने,
- ☞ मुख र छाला सुख्खा हुने,
- ☞ कमजोरी र थकान महसुस हुने,
- ☞ चक्कर लाग्ने वा होश हराउने,
- ☞ कम रक्तचाप र छिटो नाडी चल्ने ।

**बच्ने उपायहरू:**

- ☞ पानी उमालेर वा फिल्टर गरेर पिउने,
- ☞ खाना पकाउँदा र खाँदा साबुनपानीले हात धुने,
- ☞ खुला रुपमा राखिएको खाना नखाने,
- ☞ जथाभावी दिशापिसाव नगर्ने र शौचालय सफा राख्ने,
- ☞ खानेकुरा राम्रोसँग पखालेर खाने,
- ☞ भोलिलो खाना र प्रशस्त पानी पिउने,
- ☞ लक्षण देखिएमा नजिकको स्वास्थ्य संस्थामा जाने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- ☞ कार वास भित्र/बाहिर
- ☞ वायरिङ मर्मत
- ☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- ☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- ☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- ☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- ☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- ☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३


## भवन निर्माणको ज्याला दररेट पेश गर्ने कोटेशन आह्वानको ७ (सात औं दिने) म्याद थप सम्वन्धित सूचना

*तेस्रो पटक प्रकाशित मिति : २०८२/०५/१२*

यस निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जि.म.हे.उ.म.न.पा.वडा नं. ४ स्थित कि.नं. ३३४८ र ३२५९ को जग्गामा **बहुउद्देश्यीय भवन** निर्माण गर्ने निर्णय भए अनुसार उक्त भवन निर्माण कार्य निर्माण सामाग्रीहरु (छड, सिमेन्ट, इट्टा, गिट्टी, वालुवा, झ्याल, ढोका, शटर रेलिङ्ग) बाहेक सम्पूर्ण सिमेन्ट सम्बन्धी कार्यहरु ज्याला दररेटमा गराउनुपर्ने भएको हुँदा उक्त ५ तल्लाको बहुउद्देश्यीय भवन तथा रुफटप समेत के कति दररेटमा गर्न सकिन्छ सो को ज्याला दररेट पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरु**

१. दरभाउपत्र फारम यो सूचना तेस्रो पटक प्रकाशित भएको मितिले ७ औं दिन कार्यालय समय भित्र निर्माण व्यवसायी संघ मकवानपुरको कार्यालयबाट खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र दर्ता गरी सक्नुपर्ने छ ।
२. दरभाउपत्र खरिद गर्नको लागि यस संघको नविल बैक हेटौंडा शाखामा रहेको चल्ती खाता नं. ०२३०१०१७५०१९८० मा रु १,००० (एक हजार मात्र पछि फिर्ता नहुने) जम्मा गरेको सक्कल भौचर सहित निवेदन पेश गर्नुपर्ने छ ।
३. दरभाउपत्र दाता फर्म वा कम्पनी भए नवीकरण भएको इजाजत पत्र, पान दर्ता प्रमाण पत्र, २०८०/०८१ कर चुक्ता प्रमाण पत्र तथा व्यक्ती वाट भए नागरिक्ताको प्रतिलिपि सहित दरभाउपत्र खरिद गर्न सकिने छ ।
४. म्याद नाघी प्राप्त भएको वा रित नपुगेको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।
५. दरभाउपत्र पुर्ण रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने अधिकार यस संघमा निहीत रहनेछ ।
६. दररेट पेश गर्दा प्रत्येक तल्लाको छुट्टा-छुट्टै छत नापी गरेर (साइड बाहेक) भुक्तानी पाउने गरी प्रत्येक तल्लाको छुट्टा-छुट्टै दररेट पेश गर्नु पर्नेछ ।
७. यस बहुउद्देश्यीय भवनमा लिफ्ट समेत रहने र नक्सा अनुसार शेयर वाल समेत रहने हुँदा नक्सा, निर्माण स्थल र स्पेशिफिकेशन हेरी बुझी अध्यन गरेर मात्र दररेट पेश गर्नु पर्नेछ ।
८. भवन निर्माणको लागि आवश्यक सम्पुर्ण निर्माण सामाग्रीहरु यस संघले खरिद गरी दिने तर मिक्चर, भाइब्रेटर, लिफ्ट, कम्प्याक्टर मंकी जम्पर, वुट, हेल्मेट, सेफ्टी सामानहरु, क्युव वाक्सा भोल्ड, अरु आवश्यक औजारहरु सम्पूर्ण निर्माण कर्ताले आफै व्यवस्था गर्नु पर्नेछ ।
९. कार्य अवधिभर निर्माण कार्य गर्दा साइड इन्चार्ज, सुपरभाइजर, कामदारहरु सम्पूर्णको तेस्रो पक्ष बिमा र धरौटी रकम रु ३०,००० (तिस हजार मात्र) यस संघको खाता नं. ०२३०१०१७५०१९८० मा जम्मा गरेको सक्कल भौचर पश्चात सम्झौता गरिने छ ।
१०. फलामको प्रप्सको टेका र प्लाई उडको फर्मा प्रयोग गर्नुपर्ने छ ।
११. यस सूचनामा प्रकाशित भएका कुराहरु यसै अनुसार र अन्य कुनै प्रावधान भए प्रचलित कानुन अनुसार हुनेछ ।

सम्पर्क
कार्यालय फोन नं. : ०५७-५२०८१६
मोवाईल नं. : ९८५५०१५८१६
ईमेल : caofmakwanpur@gmail.com

राजेन्द्र प्रसाद चौलागाई
महासचिव
**निर्माण व्यवसायी संघ मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना